आज मिति २०६८।१०।१३ गते प्र.जि.अ. एवं जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष श्री नारायण प्रसाद भट्टराईज्यूको अध्यक्षतामा जिल्ला विपद् व्यवस्थापन समितिको बैठक बस्यो। उपस्थिति एवं निर्णय देहाय बमोजिम छ।

उपस्थिति

अध्यक्ष श्री नारायण प्रसाद भट्टराई प्र.जि.अ.
सदस्य जि. वि. स. प्रतिनिधि श्री पार्वती पाण्डेत - वि.का.अ.
" गुलरिया न.पा. प्रमुख श्री मुक्तिनाथ यादव
" बारबर्दिया " उपप्रमुख श्री मञ्जु दीक्षित
" बाँसगढी " " श्री शालिग्राम अधिकारी
" प्रमुख मधुवन " " श्री गणेश के.सी.
" ठाकुरबाबा " " श्री
" राजापुर " उप प्रमुख श्री मदनलाल कु. चौधरी
" गेरुवा गाउँपालिकाका अध्यक्ष श्री
" बढैयाताल " " श्री लाल बहादुर सेवक
" जिल्ला स्वास्थ्य कार्यालय प्रमुख श्री
" प्र. उ. श्री जनक भट्टराई श्री
" स. प्र. उ. श्री हृदय नारायण मण्डल श्री
" स.प्र. उप निरीक्षक श्री नरेश शाह
" नेपाली सेना गुलरिया ब्यारेक श्री जय लालमणि शर्मा
" प्र. जि. ई. हरि शर्मा
" कृ. ज्ञा. विकास अधिकृत श्री परशुराम रावत
" जि. पशु ~~स्वास्थ्य~~ स्वा. का. श्री भरत लम्साल जि.प.से.का. प्र..
" महिला तथा बालबालिका कार्यालय लक्ष्मी पौडेल स.म.वि.नि.
" बबई सिंचाइ आयोजना
" कर्णाली नदी व्यवस्थापन आयोजना धर्म कुमार न्यौपाने, आयोजना प्रमुख
" जिल्ला शिक्षा कार्यालय ज्ञानमणि नेपाल
" सिंचाइ सब डिभिजन कार्यालय मंगल शाही प्रमुख
" बबई, भाक्षी, ओराही नदी व्यवस्थापन आयोजना
" सडक डिभिजन कार्यालय बाँके भेजुन कुमार शाह इ.ए.
" जल उत्पन्न प्रकोप नियन्त्रण डिभिजन ऑ. बाँके
" शहरी विकास तथा भवन नि. वि. डि. ऑ. बाँके
" हुलाकी सडक आयोजना बाँके
" ने. का. प्रमुख/प्रतिनिधि जीवन मल्ल
" ने. क. पा. एमाले प्रमुख/प्रतिनिधि तेजेन्द्र प्र. सिन्टेल
" माओवादी केन्द्र प्रमुख प्रतिनिधि केशरराज उरी
संघीय समाजवादी फोरम नेपाल प्रमुख प्रतिनिधि

सदस्य रा. ज. गि. नेपाल प्रमुख प्रतिनिधि श्री केशव थापा
" नेपाल रेडक्रस सोसाइटी सभापति श्री
" डी. सि. सि. महासंघ अध्यक्ष श्री विष्णु तिमिल्सिना
" सभापति नेपाल पत्रकार महासंघ श्री रविन्द्र घिमिरे
" उद्योग वाणिज्य संघ अध्यक्ष श्री वीर बहादुर चौधरी
" सचिव प्र. अ. डिल्लीराम आचार्य
प्र. अ. संजीव शाह प्र. अ. जि. का. बर्दिया
स्वा. पा. तथा ज. सं. डि. का. बर्दिया जनतोपकेन्द्र मण्डल
सुशीला गिरि भु. न. पा उपप्रमुख
गुर्केश्वर गौतम NRCS/DEOC बर्दिया DMA
रुपन अधिकारी " " २५०
कृष्ण प्रसाद यादव संघीय सरकारी कार्यकर्ता नेपाल इलाज

**निर्णय नं. १ :**

विगत केहि समय देखि तराइका जिल्लामा चलेको शीतलहरबाट प्रभावितहरुलाई तत्काल राहत उपलब्ध गराउने सम्वन्धमा नेपाल सरकार, मन्त्रीपरिषदको मिति २०७४।०९।२१ को निर्णय बमोजिम गृह मन्त्रालयबाट जिल्ला विपद् व्यवस्थापन समिति मार्फत खर्च गर्ने गरी जिल्लालाई प्राप्त रकम रु १०,००,०००।- (अक्षरुपी दश लाख मात्र) बाट सम्वन्धित स्थानीय तह मार्फत शीतलहर प्रभावित परिवारका लागि दाउराको प्रवन्ध तथा न्यानो कपडा (कम्बल) खरिद गरी वितरण गर्ने सम्वन्धमा निम्नानुसार गर्ने निर्णय गरियो ।

(क) जिल्ला विपद् व्यवस्थापन समितिले बढी जनसंख्या भएका तथा गएको श्रावण महिनामा आएको बाढीबाट बढी प्रभावित गुलरिया नगरपालिका र बारबर्दिया नगरपालिकालाई प्रति स्थानीय तह दुई लाख र अन्य ६ वटा स्थानीय तहका लागि प्रति स्थानीय तह रु एक लाखका दरले कम्बल खरिद गरी वितरण गर्न पेश्की स्वरुप उपलब्ध गराउने ।

(ख) उल्लेखित रकमबाट सम्वन्धित स्थानीय तहले आफ्नो क्षेत्रमा रहेका अतिविपन्न परिबार भित्र रहेका ६ महिना भन्दा माथिका गर्भवति, १ बर्ष भन्दा कम उमेरका बालबालिका भएका परिवार, ७० वर्ष भन्दा बढी उमेरका जेष्ठ नागरिक, पूर्ण अपाङ्गता भएका व्यक्तिलाई लक्षित गरी प्रति परिवार १ वटाका दरले न्यानो कपडा(कम्बल) किनि वितरण गर्ने सम्बन्धित वडा समिति/वडा कार्यालयलाई निर्देशन दिने ।

(ग) माथि नम्बर 'ख' बमोजिम न्यानो कपडा वितरण गर्दा यसै बैठकको निर्णय २ बमोजिम न्यानो कपडाका लागि रकम प्राप्त गर्ने (बाढीबाट पूर्ण प्रभावित) परिवारलाई दोहोरो नपर्ने गरी वितरण गर्ने ।

(घ) सबै स्थानीय तहले माथि खण्ड 'क' मा उल्लेख भए बमोजिमको कार्य मिति २०७४।१०।१० गते भित्र सम्पन्न गरी जिल्ला प्रशासन कार्यालयमा विल भरपाई पेश गरी पेश्की फरछौंट गर्ने ।

(ङ) न्यानो कपडा प्राप्त गरेका परिवारको घरमूलीको नाम सहित ठेगाना स्पष्ट उल्लेख भएको सूचि सम्वन्धित वडा समितिबाट प्रमाणित गराएर मात्र वितरण गर्ने ।

माथि उल्लेखित रकमबाट कम्बल खरिद गरी वितरण गर्ने कार्यका लागि जिल्ला विपद् व्यवस्थापन समितिबाट उपलब्ध गराईएको रकमले नपुग हुने भएमा सो रकम सम्वन्धित स्थानीय तहबाट व्यवस्थापन गर्न सबै स्थानीय तहहरुलाई अनुरोध गर्ने र सबै स्थानीय तहले जिल्ला वन कार्यालयसंग समन्वय गरी शीतलहरबाट प्रभावित अति विपन्न घरपरिवार तथा चोक चोकमा दाउराको व्यवस्था मिलाउने समेत निर्णय गरियो ।

**निर्णय नं. २ :**

२०७४ श्रावण महिनामा आएको बाढीबाट प्रभावित (पूर्ण क्षति भएका) परिवारका लागि प्रति परिवार न्यानो कपडा खरिद गर्न रु १०,०००।- र घर मर्मत गर्न रु १५,०००।- गरी प्रति परिवार जम्मा रु २५,०००।- का दरले वितरण गर्ने गरी केन्द्रिय दैवि प्रकोप उद्धार समितिबाट प्राप्त रकम वितरण गर्ने सम्वन्धमा घरधुरी सर्वेक्षणबाट प्राप्त भई मिति २०७४।०९।१४ गते बसेको जिल्ला विपत व्यवस्थापन समितिको बैठकले अनुमोदन गरेको पूर्ण प्रभावित घरधुरी संख्या २३७३ लाई सम्वन्धित स्थानीय तह मार्फत एकिन गरी दोहोरो नपर्ने गरी वितरण गर्ने । साथै सो को लागि प्राप्त रकम रु ५,८७,७५,०००।- ले जम्मा २३५१ घरधुरीका लागि मात्र पुग्ने भएकोले बाढीबाट पूर्ण प्रभावित थप २२ परिवारका लागि नपुग रकम रु ५,५०,०००।- जिल्ला विपद् व्यवस्थापन समितिको कोषमा मौज्दात रहेको रकमबाट खर्च गरी खर्च समर्थनका लागि गृह मन्त्रालयमा लेखी पठाउने निर्णय गरियो ।

**निर्णय नं. ३**

२०७४ को बाढी पीडितहरुलाई खाद्यान्न राहत वापत यस भन्दा अघि उपलब्ध गराइएको रकमको विल भरपाई यथाशीघ्र पठाई पेश्की फछ्यौट गर्न स्थानीय तहहरुलाई अनुरोध गर्ने निर्णय गरियो ।